# उच्च अदालत पाटन, हेटौडा इजलासको

## सूचना

**विषयः- मेलमिलापकर्ताको रुपमा सूचिकृत हुने तथा सूची अद्यावधिक गर्ने सूचना ।**

मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ५ र ९ तथा उच्च अदालत प्रेषित मेलमिलाप कार्यसंचालन निर्देशिका, २०७५ को नियम ६ र १० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रुपमा सूचिकृत हुन निवेदन माग गर्नुका साथै मेलमिलाप केन्द्रमा सूचिकृत रहेका मेलमिलापकर्ताहरुको सूचि अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको हुँदा यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचिकृत भएका मेलमिलापकर्ता र नयाँ तालिम प्राप्त सूचिकृत हुन चाहने मेलमिलापकर्ताले यो सूचना प्रकाशन भएको मितिले ३०(दिन) भित्र आगामी आर्थिक वर्ष २०७६/७७ का लागि मेलमिलापकर्ताको सूची अद्यावधिक गर्न विवरण सहित निवेदन दिनुहुन सूचना प्रकाशित गरिएको छ ।

<u>निवेदन साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१. मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
४. मेलमिलापसम्बन्धी तालिमको प्रमाणपत्रको प्रतिलिपि,
५. मेलमिलापसम्बन्धी कार्य गर्ने संस्थाको हकमा दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपी, संस्थाको नियमावली ,मेलमिलापसम्बन्धी कार्य गर्न दिइएको स्वीकृतिको प्रतिलिपि,
६. व्यक्ति भए मेलमिलापकर्ताको पासपोर्ट साइजको फोटो-२

नोटः- निवेदन फाराम यस अदालतको प्रशासन शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

(विकास श्रेष्ठ)
रजिष्ट्रार
मितिः २०७६।०५।०४